# ढोरपाटन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बुर्तिबाङ, बागलुङ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या:- ०८१/०८२

चलानी नं.:-

**किसान सूचीकरण सहजकर्ता करार सेवाका लागि दरखास्त आव्हान गरिएको सूचना ।**

प्रथम पटक प्रकाशन गरिएको मिति २०८१।११।११

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जारी गरेको "किसान सूचीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि - २०७७" बमोजिम किसानहरुलाई वर्गिकरण गरी किसान परिचयपत्र वितरण गर्ने कार्यका लागि ढोरपाटन नगरपालिका भित्रका कृषि पेशामा संलग्न सम्पूर्ण किसानहरुको विवरणहरु बिद्युतीय प्राणाली मार्फत सङ्कलन गर्न तपसिलको संख्यामा सहजकर्ता आवश्यक भएको हुँदा देहायबमोजिमका योग्यता भएका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र कार्यालय समयमा तोकिएको सम्पूर्ण कागजात संलग्न गरी दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारिको लागि यो सूचना प्रकाशन गरिएको छ ।

देहाय

| क्र.स. | विज्ञापन नं. | पद | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ०७-०८१।०८२ | किसान सूचीकरण सहजकर्ता | ६ | |

क) आवेदन दस्तुर : ३००

ख) न्यूनतम योग्यता : कम्तिमा १२ कक्षा वा प्राविणता प्रमाणपत्र तह उत्तिर्ण गरेको ।(कृषि विषय अध्ययन गरेको, ढोरपाटन नगरपालिकाको स्थायी बासिन्दा, स्मार्ट फोन, ट्याबलेट वा ल्यापटप साथमा भएको, ईन्टरनेट चलाउन सक्ने र इमेल **ID** भएको व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

ग) छनौटको किसिम : "किसान सूचीकरण कार्यक्रम कार्यान्वयन बिधि, २०७७" अनुसार हुने छ ।

घ) सेवा सुबिधा : "किसान सूचीकरण कार्यक्रम कार्यान्वयन बिधि, २०७७" अनुसार हुने छ ।

ङ) दरखास्त दिने स्थान : ढोरपाटन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बुर्तिबाङ, बागलुङ ।

च) दरखास्त दिने अन्तिम मिति :२०८१।११।१८

छ) सम्पर्क मिति :२०८१।११।१९

ज) परिक्षा मिति : सम्पर्क मितिमा तोकिने छ ।

झ) आवेदन साथ संलग्न कागजातहरु : राजश्व तिरेको रसिद सहित आवेदक स्वयंले प्रमाणित गरेको देहायबमोजिम कागजातहरुको प्रतिलिपिहरु ।

- नेपाली नागरिकताको प्रमाणपत्र
- न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- योग्यता र अनुभवको प्रमाणपत्र
- २ प्रतिपासपोर्ट साइजको फोटो

ञ) उमेर हद : पुरुषको हकमा (१८-३५) र महिलाको हकमा (१८-४०) उमेर समुहले आवेदन दिन सक्नु हुनेछ ।

(आवेदनको ढाँचा लगायत अन्य जानकारिका लागि नगरपालिकाको प्रशासन शाखा, कृषि विकास तथा पशु सेवा शाखामा वा ९८५८०६४४४३, ९८४३६९०९१२, ९७६३८३५१६७ मा सम्पर्क गर्नु होला )

.............................

( चिरन्जिवि घिमिरे )

प्रमुख प्रशासकीय अधिकृत

"व्यावसायिक र सिर्जनशील प्रशासन, विकास र समृद्धिसहितको सुदृढीकृत ढोरपाटन"